**निर्णय नं. १**

जिल्ला समन्वय समिति, चितवनबाट जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५ अनुसारका योजनाहरु छनौट गरी पठाउनु हुन भनी अनुरोध भई आएकोले यस रत्ननगर नगरपालिकामा हाल निर्माण थालनी भई अधुरो अवस्थामा रहेका र बजेट अभाव भै निर्माण कार्य थालनी हुन नसकेका तपसिल बमोजिमका योजनाहरुमा तपसिल बमोजिमको रकम विनियोजन गरीदिनुहुन जिल्ला समन्वय समिति, चितवनलाई अनुरोध गरी पठाउने निर्णय गरियो ।

**तपसिल :**

क. वडा कार्यालयतर्फ :

| **क.सं.** | **योजनाको नाम** | **इस्टिमेट बमोजिम माग भएको रकम** | **कैफियत** |
|---|---|---|---|
| १. | वडा नं. १ वडा कार्यालय तल्ला थप | १५,००,०००।- | |
| २. | वडा नं. २ निर्माणाधिन वडा कार्यालय भवन | ३०,००,०००।- | |
| ३. | वडा नं. ३ निर्माणाधिन वडा कार्यालय भवन | १४,००,०००।- | |
| ४. | वडा नं. ४ वडा कार्यालय | १५,००,०००।- | |
| ५. | वडा नं. ५ वडा कार्यालय | ४५,००,०००।- | |
| ६. | वडा नं. ६ वडा कार्यालय | १०,००,०००।- | |
| ७. | वडा नं. ७ वडा कार्यालय | १२,००,०००।- | |
| ८. | वडा नं. ८ वडा कार्यालय | - | |
| ९ | वडा नं. ९ वडा कार्यालय | ४५,००,०००।- | |
| १० | वडा नं. १० वडा कार्यालय | ४०,००,०००।- | |
| ११ | वडा नं. ११ वडा कार्यालय | ३०,००,०००।- | |
| १२ | वडा नं. १२ वडा कार्यालय | २०,००,०००।- | |
| १३ | वडा नं. १३ वडा कार्यालय | १५,००,०००।- | |
| १४ | वडा नं. १४ वडा कार्यालय | १६,००,०००।- | |
| १५ | वडा नं. १५ वडा कार्यालय | ३०,००,०००।- | |
| १६ | वडा नं. १६ वडा कार्यालय | १५,००,०००।- | |
| | **जम्मा** | **३,६०,००,०००।-** | |

ख. यस रत्ननगर नगरपालिकाको पुरानो मूल प्रशासनिक भवनमा ठाउँ अभाव भै कार्य सम्पादन गर्न बाधा पुगिरहेकोमा सो को व्यवस्थापनमा टेवा दिने गरी तत्कालिन श्री नेपाल सरकार शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट बजेट उपलब्ध गराउने गरी निर्माणाधीन भवन हालसम्म पनि अधुरो रहेकाले सो भवन सम्पन्न गर्नका लागि जिल्ला समन्वय समितिको मौज्दात कोषबाट रु. २५,००,०००/- (अक्षरुपी रु. पच्चीस लाख मात्र) रकम विनियोजन गरीदिनु हुन जिल्ला समन्वय समिति, चितवनलाई अनुरोध गर्ने निर्णय गरियो ।

ग. यस रत्ननगर नगरपालिकाको यस नगर क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउन कक्षा कोठा भवन पूर्वाधार नपुग रहेका तपसिल अनुसारका सार्वजनिक आधारभूत तथा माध्यमिक विद्यालयहरुका लागि आवश्यक रकम उपलब्ध गराइदिनु हुन भनी जिल्ला समन्वय समिति, चितवनको मौज्दात कोष सञ्चालन समितिमा पेश गर्ने निर्णय गरियो ।

| **क.सं.** | **योजनाको नाम** | **माग गरेको रकम** | **कैफियत** |
|---|---|---|---|
| | **विद्यालय तर्फ** | | |
| १ | जनजागृती मा.वि. कक्षा कोठा विस्तार | | |
| २ | बकुलहर मा. वि. कक्षा कोठा विस्तार | | |
| ३ | मालपुर मा. वि. कक्षा कोठा विस्तार | | |
| ४ | पंचद्धीप आधारभूत मा. वि. कक्षा कोठा विस्तार | | |
| ५ | कफरफोरी मा. वि. कक्षा कोठा विस्तार | | |
| ६ | वेल्सी आधारभूत विद्यालय कक्षा कोठा विस्तार | | |

| | | | |
|---|---|---|---|
| ७ | भद्रकाली मा. वि. कक्षा कोठा विस्तार | | |
| ८ | विन्देश्वरी आधारभूत वि. कक्षा कोठा विस्तार | | |
| ९ | बछौली मा. वि. कक्षा कोठा विस्तार | | |
| १० | पंचकन्या मा. वि., जिरौना कक्षा कोठा विस्तार | | |
| ११ | जमुनापुर आधारभुत विद्यालय 'क' कक्षा कोठा विस्तार | | |
| १२ | चित्रसारी मा.वि. कक्षा कोठा विस्तार | | |
| १३ | झुवानी मा.वि. कक्षा कोठा विस्तार | | |
| १४ | टरौली रा.प्रा.वि. कक्षा कोठा विस्तार | | |
| १५ | राष्ट्रिय आधारभूत विद्यालय, अमिलिया कक्षा कोठा विस्तार | | |

घ. रत्ननगर नगरपालिका वडा नं. ५ स्थित टरौली नगर स्वास्थ्य केन्द्रको लागि आवश्यक बजेट विनियोजन गरीदिनु हुन जिल्ला समन्वय समिति, चितवनलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

यस रत्ननगर नगरपालिका र खैरहनी नगरपालिकाले संयुक्त रुपमा कयर खोलाबाट स्विकृत IEE प्रतिवेदन अनुसारको परिमाणमा नदीजन्य पदार्थ संकलन तथा बिक्री गर्नका लागि बोलपत्र आह्वान गरिएकोमा कुनै पनि इच्छुक व्यक्ति वा फर्मबाट रितपूर्वक बोलपत्र पेश हुन नआएकाले स्वीकृत IEE को परिमाण तथा राजश्व अनुमानमा ६० प्रतिशत परिमाण तथा रकम नघट्ने गरी पुन : दोस्रो पटक १५ दिने शिलबन्दी बोलपत्र आह्वान गर्न प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

१० वर्षे माओवादी सशस्त्र आन्दोलनको समयमा यस रत्ननगर नगरपालिकाको कार्यालय सुरक्षा प्रयोजनार्थ यस कार्यालय परिसरमा नेपाली शेनाको टोली आई सुरक्षा प्रदान गरेको र उक्त समयमा शेनाको टोलीले यस रत्ननगर नगरपालिकाको नाममा रहेको टेलिफोन नं. ०५६-५६०३४३ प्रयोग गरेको र उक्त टेलिफोनको महशुल उक्त समयमा भुक्तानी नभै हाल सम्म बक्यौता रहन गई बक्यौता रकम रु. १३१,२५२/८९ (अक्षरुपी रु. एक लाख एकतीस हजार दुई सय बाउन्न र ८९/१०० मात्र) पुगेको र नेपाल टेलिकमबाट बारम्बार उक्त रकम भुक्तानी गरीदिनु हुन भनी पत्राचार भइ रहेको हुँदा उक्त रकम भैपरी आउने चालु खर्च शीर्षकबाट नेपाल टेलिकमलाई भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस रत्ननगर नगरपालिका अन्तर्गत घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि, २०७५ अनुसार गठन भएको जाँचबुझ समितिबाट तपसिलमा उल्लेखित निर्माण व्यवसायीहरुलाई घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र दिनका लागि सिफारिस भई आएकोले इजाजतपत्र दिने निर्णय गरियो ।

**तपसिल :**

१. श्री डिभाइन इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन, रत्ननगर नगरपालिका, वडा नं. १, चितवन ।

२. श्री एस. बि. कन्स्ट्रक्सन, रत्ननगर नगरपालिका, वडा नं. १२, चितवन ।

**निर्णय नं. ५**

यस रत्ननगर नगरपालिकाको कार्यालय परिसर सुधार र पूर्वाधार विकास शीर्षकमा विनियोजित एकमुष्ठ रकम रु. २५,००,०००।- (पच्चीस लाख) मध्येबाट नगरपालिकाको कार्यालयको मूल गेटमा गार्ड हाउस र Carry Wall निर्माण कार्य सम्पादन गर्न रु. ५,००,०००।- (अक्षरुपी रु. पाँच लाख मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस रत्ननगर नगरपालिकाको क्षेत्रभित्र सरसफाई कायम राख्नका लागि नगरपालिकाले फोहोरमैला संकलन गर्नका लागि नगरपालिकाले आफ्नै र भाडाका ट्र्याक्टर तथा टिप्पर प्रयोग गर्दै आएको र उक्त ट्र्याक्टर तथा टिप्परले हाल दैनिक दुई ट्रिप फोहोरमैला संकलन गर्ने गरेकोमा फोहोरमैला संकलन कार्यलाई प्रभावकारी बनाउनका लागि नगरपालिकाको ट्र्याक्टर तथा टिप्परबाट दैनिक तीन ट्रिप फोहोरमैला संकलन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस रत्ननगर नगरपालिकाको वडा नं. १४ को वडा कार्यालय भवन निर्माण गर्ने प्रयोजनको लागि श्री गुणचन्द्र विष्ट र श्री दिनेश कुमार चुकेले वडा कार्यालयलाई दान गर्नुभएको साविक पिठुवा ५(क) कित्ता नं. २०९ को ज.वि. ०-२-१० को जग्गा वडा कार्यालयको

नाममा रजिष्ट्रेशन पास गराउँदा विल बमोजिम खर्च हुन आएको लाभकर वापतको शुल्क रु. ८८,४००/- (अक्षरुपी रु. अठासी हजार चार सय मात्र) न.पा. आकस्मिक कोष तथा पूर्वाधार निर्माण शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस रत्ननगर नगरपालिका वडा नं. ३ स्थित श्री आधारभूत विद्यालय, बेल्सीको स्वर्ण महोत्सवको अवसरमा स्वर्ण महोत्सवलाई सभ्य र भव्य रुपमा मनाउनका लागि रु. १००,०००/- (अक्षरुपी रु. एक लाख मात्र) व्यक्ति तथा संस्थालाई विविध सहायता शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

REBAN, सौराहाले आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षित गर्नका लागि प्रत्येक वर्ष फुड फेस्टिबल आयोजना गर्दै आएकोमा यस वर्ष पनि मिति २०७५/१०/२८ गतेदेखि २०७५/११/०३ गतेसम्म फुड फेस्टिबलको आयोजना गर्न गइरहेकोले उक्त कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गर्नका लागि उक्त संस्थालाई यस नगरपालिकाबाट रु. १००,०००/- (अक्षरुपी रु. एक लाख मात्र) व्यक्ति तथा संस्थालाई विविध सहायता शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

यस रत्ननगर नगरपालिका वडा नं. १३ अन्तर्गत शितल टोल दलित बस्ती बाटो प्रयोजनार्थ जग्गा प्राप्ति गर्नका लागि मिति २०७५/०७/२८ गते सूचना प्रकाशित गरिएकोमा श्री हरि बहादुर खड्काको पत्नी श्री जुनमाया खड्काले आफ्नो नामको साविक पञ्चकन्या ४ हाल रत्ननगर नगरपालिका वडा नं. १३ मा पर्ने कित्ता नं. ३९१७, ६७७ ज.वि. ५८५।९१ र ६७७।१७ व.मी. मध्ये ०-०-६ (छ धुर) जग्गाको मुआब्जा प्रति कठ्ठा रु. ३० (तीस) लाखका दरले रु. ९(नौ) लाख प्राप्त गरी नेपाल सरकारको नाममा लगत कट्टा गरीदिन मन्जुर भएकोले उक्त ०-०-६ (छ धुर) जग्गाको मुआब्जा रु. ९(नौ) लाख निर्धारण गर्ने र उक्त रकम नगर सभाबाट पारित गरिएको शितल टोल दलित बस्ती बाटो खरिद (वडा नं. १३) शीर्षकमा विनियोजित रकम मध्येबाट भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ११**

यस रत्ननगर नगरपालिकामा विगत १६ वर्षदेखि खरिदार पदमा करारमा काम गर्दै आउनुभएको श्री शारदा देवी वाग्लेको मिति २०७५/०८/२९ गते दुर्घटनामा परि उपचारको क्रममा असामयिक मृत्यु भएकोले निजले यस कार्यालयलाई गरेको योगदानको कदर गर्दै १६(सोह्र) वर्षको प्रति महिना रु. १,१००/- का दरले हुन आउने रकम रु. २,११,२००/- (अक्षरुपी रु. दुई लाख एघार हजार दुई सय मात्र) व्यक्ति तथा संस्थालाई विविध सहायता शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १२**

यस रत्ननगर नगरपालिकाको सामाजिक विकास समितिको संयोजकमा नगर कार्यपालिकाबाट १० नं. वडाका वडाध्यक्ष श्री केशव आचार्यलाई मनोनयन गरिएकोमा तपसिल बमोजिमका अन्य सदस्यहरु मनोनयन गरी समितिलाई पूर्णता दिने निर्णय गरियो ।

**तपसिल :**

| | |
|---|---|
| श्री केशव आचार्य, वडा अध्यक्ष, वडा नं. १० | संयोजक |
| श्री हुमनाथ लामिछाने, वडा अध्यक्ष, वडा नं. १५ | सदस्य |
| श्री सुकमाया वि.क., वडा सदस्य, वडा नं. १२ | सदस्य |
| श्री प्रेमराज रेग्मी, वडा सदस्य, वडा नं. ४ | सदस्य |
| श्री कमानसिंह चौधरी, वडा सदस्य, वडा नं. ९ | सदस्य |
| श्री विश्वास श्रेष्ठ, सामाजिक विकास शाखा प्रमुख | सदस्य सचिव |

**निर्णय नं. १३**

यस रत्ननगर नगरपालिकाको नगर सभाबाट लक्षितवर्ग तालिम/वहस/पैरवी/सीप विकास कार्यक्रम (वडा कार्यालयसँग म्याचिङ फण्ड) शीर्षकमा रु. १५ लाख विनियोजन भएकोमा सो कार्यक्रमलाई प्रभावकारी र नतिजामूखी तवरबाट सम्पन्न गर्नका लागि तपसिल बमोजिमको लक्षित वर्ग कार्यक्रम छनौट समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल :**

| | |
|---|---|
| श्री निर्मला खड्का, नगर कार्यपालिका सदस्य | संयोजक |
| श्री मन कुमारी वि.क., नगर कार्यपालिका सदस्य | सदस्य |

श्री भोला देवी गौडेल, नगर कार्यपालिका सदस्य		सदस्य
श्री मिना गिरी, नगर कार्यपालिका सदस्य		सदस्य
श्री रिता वि.क., नगर कार्यपालिका सदस्य		सदस्य
श्री सरस्वती लामा, नगर कार्यपालिका सदस्य		सदस्य
श्री सुशिला वाग्ले, महिला विकास शाखा प्रमुख		सदस्य सचिव

**निर्णय नं. १४**

नेपाल तामाङ्ग घेदुङ्ग, नगर कार्यसमिति, रत्ननगर, चितवनले सोनाम ल्होसारको अवसरमा कार्यक्रम आयोजना गरेको र उक्त कार्यक्रम सम्पन्न गर्नका लागि आर्थिक सहयोग गरीदिनु हुन भनी अनुरोध भई आएकोले रु. ३०,०००/- (अक्षरुपी रु. तीस हजार मात्र) व्यक्ति तथा संस्थालाई विविध सहायता शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १५**

यस नगरपालिका अन्तर्गत केन्द्र सरकार र प्रदेश सरकारबाट हस्तान्तरण भई आएका योजना तथा कार्यक्रमहरु ठेक्का मार्फत कार्यान्वयनका क्रममा बचत हुन गएको रकमलाई सोही योजना अगाडि बढाउन उपयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

Sapana Village and Social Impact नामक संस्थाले सुरक्षित आवास योजना अन्तर्गत मुसहर बस्तीमा ४ वटा घर निर्माण सम्पन्न गरीसकेको र उक्त कार्यक्रममा नगरपालिकबाट कुल लागत रकमको १० प्रतिशतले हुन आउने रकम रु. १,२०,०००/- (अक्षरुपी रु. एक लाख बिस हजार मात्र) लागत साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

यस नगरपालिकाको नगर सभाबाट View Tower, Water Kingdom, Gulf Course को DPR तयारीको लागि रु. ५,००,०००/- (अक्षरुपी रु. पाच लाख मात्र) विनियोजन भएकोमा सो रकमले तीन वटै योजनाको DPR तयारी गर्नका लागि रकम अपुग हुने देखिएकोले हाललाई Water Kingdom को DPR तयारीका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १७**

स्थानीय पूर्वाधार विकास कार्यक्रम र तराई मधेश समृद्धि कार्यक्रमबाट योजनाहरु छनौट भई यस रत्ननगर नगरपालिका अन्तर्गत सञ्चालन हुने तपसिल बमोजिमका योजनाहरुको विवरण प्राप्त भई सकेकोले उक्त योजनाहरुलाई अनुमोदन गरी समयमै सम्पन्न गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**तपसिल :**

क.	स्थानीय पूर्वाधार विकास कार्यक्रम अन्तर्गतका योजनाहरु :

| क.सं. | सञ्चालन हुने आयोजनाको विवरण | विनियोजित रकम |
|---|---|---|
| १ | गुरुङचोकबाट ऋषि कट्टेलको घर सम्मको सडक, र.न.पा. १४ | ७,३२०,०००।०० |
| २ | सुब्बा चोक र.न.पा. २ बाट र.न.पा. १३, १४, १५ हुदै कालिका न.पा. सिमा सम्मको सडक, | ५,०००,०००।०० |
| ३ | र.न.पा. ५ झुवानी बंगला घर सामुदायिक भवन निर्माण | १,०००,०००।०० |
| ४ | र.न.पा. १६ पारिजातचोकबाट उत्तर तर्फ सडक | १,५००,०००।०० |
| ५ | र.न.पा. ४ न्यू क्यापिटल कलेजबाट भोकाहा निस्कने बाटो | १,०००,०००।०० |
| ६ | र.न.पा. २ आँखा ब्लक भवन (बकुलहर अस्पताल) | १,५००,०००।०० |
| ७ | र.न.पा. १ आमा समुह भवन, भक्तिनी बगैंचा | १,०००,०००।०० |
| ८ | र.न.पा. १६ नेवार सामुदायिक भवन, पिठुवा दोबाटो | १,०००,०००।०० |
| ९ | र.न.पा. ६ रामचन्द्र अधिकारीको घरछेउको खोल्सीमा तटबन्धन | १,५००,०००।०० |
| | **जम्मा** | **२०,८२०,०००।००** |

ख. तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गतका योजनाहरु :

| क.सं. | सञ्चालन हुने आयोजनाको विवरण | केन्द्रको अनुदान रकम | स्थानीय तहको लागत सहभागिता | कुल रकम |
|---|---|---|---|---|
| १ | थारु कल्याणकारी सामुदायिक भवन निर्माण, रत्ननगर न.पा. ४ | २५,००,०००।०० | २,५०,०००।०० | २७,५०,०००।०० |
| २ | शहिद लखन थापा स्मृति सामुदायिक भवन निर्माण, रत्ननगर न.पा. ११ | २५,००,०००।०० | २,५०,०००।०० | २७,५०,०००।०० |
| | **जम्मा** | | | ५५,००,०००।०० |

ग. यस रत्ननगर नगरपालिका क्षेत्रमा कार्य गर्ने गरी स्वीस सरकार तथा नेपाल सरकारको संयुक्त अनुदानतर्फबाट प्राप्त हुने वजेटबाट आ. व. २०७५।०७६ का लागि पूर्वाधार विकास समितिबाट निम्नानुसार योजनाहरुः
तपसिलः

| क.सं. | स्वीस योजना | रकम | कैफियत |
|---|---|---|---|
| १ | **सिंचाईतर्फ रु. १६,५०,०००।-** | | |
| | क. पडरिया कुलो सिंचाई, रत्ननगर ७ | १४,००,०००।- | |
| | ख. पिठुवा सामुदायिक सिंचाई, रत्ननगर १४ | २,५०,०००।- | |
| | **जम्मा रु.** | **१६,५०,०००।-** | |
| २ | **तटवन्धन योजना रु. ७३,००,०००।-** | | |
| | क. भुत्याहा ड्याक पुरानो योजना, रत्ननगर १६ | ३,००,०००।- | |
| | ख. वन्सी गाउँ झोलुंगे पुल, रत्ननगर ३ | १५,००,०००।- | |
| | ग. गैरीबारी, रत्ननगर १४/१६ | १७,५०,०००।- | |
| | घ कुमालटार तटवन्धन, रत्ननगर ४ | २०,००,०००।- | |
| | ङ. कुँवरटोल, रत्ननगर १६ | १७,५०,०००।- | |
| | **जम्मा रु.** | **७३,००,०००।-** | |